(ख) संभाव्यताको विश्लेषण (परियोजनाको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण, बिक्री हुन सक्ने विद्युतको अनुमानित परिमाण, विद्युत आपूर्तिमा प्रयोग गरिने अन्य व्यक्ति वा संगठित संस्थाहरुको स्वामित्वमा रहेको प्रसारण तथा वितरण प्रणाली भए सो को विवरण),

(ग) वित्तिय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था, परियोजनाका लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तिय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर-पूँजी र ऋणको प्रतिशत),

(घ) वितरण क्षेत्रको नक्शा (त्यस क्षेत्रको भौगोलिक विवरण, विद्यमान वितरण प्रणाली, नयाँ निर्माण गर्नुपर्ने वितरण प्रणाली),

(ङ) वितरण भोल्टेजको स्तर तथा निर्माणको गुणस्तर,

(च) सेवा पुऱ्याइने ग्राहकहरुको संख्या र किसिम,

(छ) विद्युत शक्ति खरिद बिक्री सम्बन्धी विवरण (वितरण हुने विद्युत शक्ति खरिद बिक्री सम्बन्धी सम्झौता वा आशय पत्र तथा तत्सम्बन्धी अन्य कुनै कागजपत्र भए सो समेत संलग्न गर्नु पर्छ),

(च) अन्य आवश्यक कुराहरु ।

१५. **दरखास्त उपर जाँचबुझ :**(१) नियम १२, १३ वा १४ बमोजिम विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न अनुमतिपत्रको लागि पर्न आएको दरखास्त उपर ऐन र यस नियमावली बमोजिम पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा सचिव आफैंले वा विद्युत विकास विभाग मार्फत आवश्यक जाँचबुझ गर्ने गराउनेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले ४५ दिनभित्र सो कुराको सूचना दिनु पर्छ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न विद्युत विकास विभागले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै ऐनको दफा ४ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

१६. **सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने** : (१) नियम १२, १३ वा १४ बमोजिम विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्रको लागि पर्न आएको दरखास्त उपर नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी आवश्यक विवरणहरु खुलाई विद्युत विकास विभागले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि प्रस्तावित विद्युत परियोजनाको निर्माण तथा संचालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र विद्युत विकास विभाग समक्ष जोसुकैले पनि प्रतिक्रिया दिन सक्नेछन् ।

(३) उपनियम (२) बमोजिम कुनै प्रतिक्रिया प्राप्त हुन आएमा त्यस्तो प्रतिक्रिया समेतलाई विचार गरी सम्बन्धित दरखास्तवालाले पालन गर्नुपर्ने शर्तहरु अनुमतिपत्रमा उल्लेख गरिनेछ ।

१७. **अनुमतिपत्र दिने** : नियम १२, १३ वा १४ बमोजिम विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि परेको दरखास्त उपर नियम १५ र १६ बमोजिमको कार्यविधि पूरा गरी गराई सचिवले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी क्रमश: अनुसूची ९क., ९ख. वा ९ग. बमोजिमको ढाँचामा दरखास्तवालालाई विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र दिनु पर्नेछ ।

१८. **एकैपटक विद्युत उत्पादन, प्रसारण तथा वितरण अनुमतिपत्र प्रदान गर्न सकि**ने : एउटै परियोजनासंग सम्बन्धित विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न चाहने कुनै व्यक्ति वा संगठित संस्थाले नियम १२, १३ र १४ बमोजिमका सबै विवरणहरु खुलाई एकैपटक दरखास्त दिएमा यस नियमावलीको अन्य व्यवस्थाहरुको अधीनमा रही त्यस्तो दरखास्तवालालाई सचिवले विद्युत उत्पादन, प्रसारण तथा वितरण गर्न पाउने गरी एकैपटक अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

१९. **सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्तिलाई उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र प्रदान गरिने** : विद्युत उत्पादन, प्रसारण वा वितरण मध्ये कुनै एक वा सबै कामको सर्वेक्षण गर्न नियम ८ वा ९ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको सर्वेक्षण बमोजिमको विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी निर्माण, संचालन तथा संभार कार्यको लागि पनि सर्वेक्षण अनुमतिपत्रको म्यादभित्रै नियम १२, १३ र १४ बमोजिमका विवरणहरु खुलाई दरखास्त दिएमा यस नियमावलीको अन्य व्यवस्थाहरुको अधीनमा रही दरखास्तवालालाई त्यस्तो अनुमतिपत्र दिइनेछ ।

नेपाल कानून आयोग

# ■ अनुसूची-११

(नियम २४ र २५ सँग सम्बन्धित)

## अनुमतिपत्र तथा अनुमतिपत्र नवीकरण दस्तुर

क) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि

| क्र.सं. | जडान क्षमता | अनुमतिपत्र दस्तुर | अनुमतिपत्र नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | एक मेगावाटभन्दा माथि पाँच मेगावाटसम्म | प्रति वर्ष एकमुष्ट पचास हजार रुपैयाँ | प्रति वर्ष अनुमतिपत्र दस्तुर सरह |
| २. | पाँच मेगावाटभन्दा माथि एक सय मेगावाटसम्म | प्रति मेगावाट प्रति वर्ष दश हजार रुपैयाँका दरले | प्रति वर्ष अनुमतिपत्र दस्तुर सरह |
| ३. | एकसय मेगावाटभन्दा माथि पाँचसय मेगावाटसम्म | प्रति वर्ष एकमुष्ट दशलाख रुपैयाँ | प्रति वर्ष अनुमतिपत्र दस्तुर सरह |
| ४. | पाँचसय मेगावाटभन्दा माथि | प्रति वर्ष एकुमष्ट बीसलाख रुपैयाँ | प्रति वर्ष अनुमतिपत्र दस्तुर सरह |

ख) विद्युत प्रसारण तथा वितरणको सर्वेक्ष्ँण अनुमतिपत्रको लागि

| क्र.सं. | जडान क्षमता | अनुमतिपत्र दस्तुर | अनुमतिपत्र नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | एक मेगावाटभन्दा माथि पाँच मेगावाटसम्म | दशहजार रुपैयाँ | अनुमतिपत्र दस्तुरको आधा |
| २. | पाँच मेगावाटभन्दा माथि एकसय मेगावाटसम्म | पचासहजार रुपैयाँ | अनुमतिपत्र दस्तुरको आधा |
| ३. | एकसय मेगावाटभन्दा माथि पाँचसय मेगावाटसम्म | पाँचलाख रुपैयाँ | अनुमतिपत्र दस्तुरको आधा |
| ४. | पाचसय मेगावाटभन्दा माथि | दशलाख रुपैयाँ | अनुमतिपत्र दस्तुरको आधा |

ग) विद्युत उत्पादन, प्रसारण तथा वितरणको अनुमतिपत्रको लागि

| क्र.सं. | जडान क्षमता | अनुमतिपत्र दस्तुर | अनुमतिपत्र नवीकरण दस्तुर (प्रसारण तथा वितरणको लागि मात्र) |
|---|---|---|---|
| १. | एक मेगावाटभन्दा माथि पाँच मेगावाटसम्म | एकलाख रुपैयाँ | अनुमतिपत्र दस्तुर सरह |
| २. | पाँच मेगावाटभन्दा माथि एकसय मेगावाटसम्म | पाँचलाख रुपैयाँ | अनुमतिपत्र दस्तुर सरह |
| ३. | एकसय मेगावाटभन्दा माथि पाँचसय मेगावाटसम्म | दशलाख रुपैयाँ | अनुमतिपत्र दस्तुर सरह |
| ४. | पाँचसय मेगावाटभन्दा माथि एकहजार मेगावाटसम्म | पच्चीसलाख रुपैयाँ | अनुमतिपत्र दस्तुर सरह |
| ५. | एकहजार मेगावाटभन्दा माथि | पचासलाख रुपैयाँ | अनुमतिपत्र दस्तुर सरह |

■ पहिलो संशोधनबाट संशोधन भई मिति २०६४।५।२४ को नेपाल राजपत्रको सूचनाद्वारा हेरफेर ।



नेपाल कानून आयोग

